# गौमुखी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

visit Nepal 2020

प.सं. २०७६/०७७

च.नं.

पुजा, प्यूठान
५ नं. प्रदेश, नेपाल

मिति : २०७६/१२/०२


**बिषय : न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना**

रोजगारीको हक सम्बन्धी ऐन २०७५, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक बर्ष २०७७/७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८- ५९ बर्षका बेरोजगार व्यक्तिहरुले २०७६ चैत महिनामा आफूले बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ र निवेदनको ढाँचा र यस सम्बन्धी जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट र रोजगार सेवा केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।

**आवश्यक कागजातहरु**

- अनुसूची १ बमोजिम सबै विवरण उल्लेख भएको निवेदन
- नागरिकताको फोटोकपि
- हालसालै खिचेको फोटो

राजिन
प्रमुख प्रशासकीय